नेपाल सरकार

# सूचना तथा सञ्चार मन्त्रालयको

## सूचना

## रेडियो सञ्चार (लाईसेन्स) (दोस्रो संशोधन) नियमावली, २०६४

रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

रेडियो ऐन, २०१४ को दफा १० ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरुको नाम रेडियो सञ्चार (लाइसेन्स) (दोस्रो संशोधन) नियमावली, २०६४ रहेकोछ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ मा नियम ८क. थपः रेडियो सञ्चार (लाईसेन्स) नियमावली, २०४९ (यसपछि "मूल नियमवाली" भनिएको) को नियम ८ पछि देहायको नियम ८क. थपिएकोछ :-

"८क. कागजात पेश गर्न नपर्नेः यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नियम ३ को उपनियम (२) को खण्ड (ख) बमोजिम लाइसेन्स लिन चाहने व्यक्तिले दरखास्तसाथ संलग्न गर्नुपर्ने कागजात पेश गर्न नसक्ने कारण जनाई यो नियम प्रारम्भ भएको सात दिनभित्र दरखास्त दिएमा र सो ब्यहोरा जांचबुझ गर्दा मनासिब देखिएमा लाइसेन्स दिने अधिकारीले त्यस्तो कागजात नभए पनि दरखास्तवालालाई रेडियो यन्त्रको लाइसेन्स दिन सक्नेछ ।"

३. मूल नियमवालीको नियम १० मा संशोधनः मूल नियमावलीको नियम १० को उपनियम (४क) र (४ख) को सट्टा देहायका उपनियम (४क) र (४ख) राखिएका छन् :-

"(४क) उपनियम (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो उपनियम प्रारम्भ हुँदाका बखतसम्म लाइसेन्स नवीकरण नगराएको व्यक्तिले यो उपनियम प्रारम्भ भएको मितिले तीन महिनाभित्र त्यस्तो लाइसेन्स नवीकरण गराउन लाइसेन्स दिने अधिकारी समक्ष दरखास्त दिन सक्नेछ ।

(४ख) उपनियम (४क) बमोजिमको दरखास्त प्राप्त भएमा लाइसेन्स दिने अधिकारीले उपनियम (३) बमोजिम लाग्ने नवीकरण दस्तुर, उपनियम (४) बमोजिम लाग्ने शत प्रतिशत जरिवाना र सो जरिवाना रकम बराबरको थप जरिवाना लिई त्यस्तो लाइसेन्स नवीकरण गरी दिनेछ ।"

आज्ञाले,
(शंकर प्रसाद कोइराला)
नेपाल सरकारको का.मु. सचिव